# गुर्भाकोट नगरपालिकाको उपप्रमुख श्री मैना विकज्यूबाट १७ औं नगरसभामा प्रस्तुत आ.व.२०८२/८३ को बजेट तथा कार्यक्रम

## गुर्भाकोट नगरपालिकाको १७ औं नगरसभाका आदरणीय सभाध्यक्षज्यू,
## उपस्थित सम्पूर्ण  नगरसभाका सदस्यज्यूहरु,

विभिन्न राजनैतिक परिवर्तन र सङ्घीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु साथै घाइते हुनुभएका योद्धाहरुलाई उच्च सम्मान गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको व्यवस्था अनुसार गुर्भाकोट नगरपालिकाको १७ औं नगरसभामा आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा गौरवान्वित महसुस गरेको छु ।

गुर्भाकोट नगरपालिकाको उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले मैले बजेट तर्जुमा गर्दा मुलतः नेपालको संविधान र कानूनहरु, दिगो विकास लक्ष्य प्राप्तका लागि नेपाल सरकारले गरेको अन्तराष्ट्रिय प्रतिवद्धता,नेपाल सरकारको सोह्रौं योजना, कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना, संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट तथा मार्गदर्शन, नगर आवधिक योजनाले तय गरेका लक्ष्य, यस नगरपालिकाका श्रद्धय नगर प्रमुख ज्यूले पेश गर्नु भएको आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा  सीमा निर्धारण समिति, विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस, विज्ञ एवं अन्य सरोकारवाला महानुभावहरुको सल्लाह सुझावहरु र मार्गदर्शनलाई अवलम्बन गर्दै आगामी आ.व. २०८२/८३ को वार्षिक बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

साविकको सुभाघाट गंगामाला नगरपालिका र साविक सहारे, मालारानी र धारापानी गा.वि.स. मिलेर यस नगरपालिकाको निर्माण भएको व्यहोरा सबैलाई अवगत नै छ । २२८.६० वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा २०७८ को जनगणनाको तथ्यांङ्क हेर्दा ४८ हजार २ सय १६ जनसंख्या रहेको छ । १४ वटा वडामा विभाजित यस नगरपालिकामा विभिन्न भौगोलिक बनावट रहेकोमा वडा नं. १,३,५ को पुरै भाग र वडा नं. २,४,६,९,११,१२ र१४ को

केहि भाग उच्च पहाडी भिरालो जमिन मिलेर वनेको व्यहोरा यहाँहरुमा जानकारी भएकै छ। भिरालो, उच्च पहाडी भागमा नगरवासीले सहज जीवनयापन गर्न, विकास निमार्ण गर्न चुनौतीपूर्ण छ ।यद्यपी उल्लेखित भू-भागमा वस्ने नगरवासीहरुको पनि मुहार उज्यालो वनाउने दायित्व नजिकको स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुन्छ ।

**सभाध्यक्षज्यू,**

म आ.व. २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि हालसम्म भएका प्रगति एवं चालु आ.व. मा भएको प्रगतिको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आ.व. २०८१।८२ को** हाल सम्मको प्रगतिलाई विचार गर्दा आजका मिति सम्म् कुल **भौतिक प्रगति** ६९.४४ प्रतिशत भएको जस मध्ये सम्झौता भएका **२८८** योजना मध्ये **२१३** वटा योजनाहरुको भुक्तानी भइसकेको र एउटा योजना बाहेक अन्य योजनाहरु भुक्तानी प्रक्रियामा रहेको र **वित्तीय तर्फ** हाल सम्म चालु खर्च करिब **८०** प्रतिशत भन्दा बढी भएको र **पूँजीगत तर्फ** ४७ **प्र**तिशत रहेको छ । समग्र प्रगतीलाई हेर्दा हाल सम्मको अवस्था सन्तुलन रहेको छ

**समाभाध्यक्ष महोदय,**

**अव म आ. व. २०८१।८२** मा भएका प्रयास, उपलब्धी बजेटमा भएको व्यवस्था समेतलाई प्रस्तुत गर्न चाहन्छु ।

१. नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्ने, संवैधानिक रुपमा स्थानीय तहको जिम्मेवारी भएकोले त्यसलाई सर्वसुलभ, प्रभावकारी र गुणस्तरीय बनाउँदै लैजाने प्रयास गरिएको छ

२. मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, समुदायमा आधारित स्वास्थ्य प्रर्वद्धन निर्देशिका, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन निर्देशिका तयार गरी सोही लागी अनुसारका कार्यक्रम कार्यान्वयनमा कानूनी आधार र सहजता प्रदान गरिएको छ ।

३. दक्ष जनशक्तिद्वारा बर्थिङ सेन्टरबाट सुरक्षित गर्भवती र सुत्केरी सेवा उपलब्ध गराउनुका साथै उत्तर प्रसूति सेवा, ग्रामीण अल्ट्रासाउन्ड, एच पी भी/ डी एन ए, भि आई ए जाँच, एच पी भि खोप लगायतका सुनौलो १००० दिनका आमाहरु तथा बालाबालिकाहरुको पोषण कोशेली कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरिएको छ ।

४. वि.स. २०८७ सम्म पोषणमैत्री स्थानीय तह बनाउनका लागी विभिन्न साझेदार निकायहरुको समन्वय र सहकार्यमा १४ वटै वडामा बहुक्षेत्रीय पोषण कार्यक्रम, ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा र वृद्धि अनुगमनको प्रगति उपलब्धिमूलक रहेको छ ।

५. ब्रिटिश काउन्सिल र नगरपालिकाको साझेदारीमा शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूका लागि अंग्रेजी र अन्य विषयको शिक्षकहरुलाई तालीम प्रदान पश्चात शिक्षण—सिकाइमा गुणस्तर, कार्यमूलक अनुसन्धान, विज्ञ रोष्टर तयार लगायत शिक्षकको पेशागत दक्षतामा अभिवृद्धि भएको छ साथै माध्यमिक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति को अध्यक्ष, शिक्षक अभिभावक संघको अध्यक्षहरुको विद्यालय सुधार योजना र विद्यालय व्यवस्थापन सम्वन्धि क्षमता विकास गरिएको छ ।

६. सामुदायिक र संस्थागत विद्यालयहरुको प्र. अ. र सहायक कर्मचारीहरुलाई एकीकृत पाठ्यक्रम,सूचना तथा सञ्चार प्रविधि सम्बन्धि क्षमता अभिवृद्धि तालीमले विद्यालयको एकीकृत सूचना व्यवस्थापन प्रणालीमा सहयोग पुगेको छ ।

७. शिक्षण—सिकाइमा गुणस्तरीता कायम र पेशागत दक्षता बढाउन नव प्रवेशी शिक्षकहरुलाई यस बर्षदेखि मेन्टरिङ कार्यक्रमको शुरुवात, शिक्षकको दरबन्दी मिलान, दलित, अपाङ्गता भएका र विपन्न वर्गका विद्यार्थीका लागि छात्रवृत्रि कार्यक्रमलाई प्रभावकारी बनाईएको छ ।

८. सामाजिक समावेशीकरण क्षेत्रमा जनचेतनामूलक कार्यक्रम, सीप विकास तालीम तथा अन्य क्षमता अभिवृद्धि कार्यक्रमबाट २२०३ जना महिला, दलित, अपाङ्गता भएका, जेष्ठ नागरिकहरु लाभान्वित भएका छन् ।

९. यस नगरपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्ति, दलित, महिला, एकल महिला, आदिवासी जनजाति, लोपोन्मुख सीमान्तकृत तथा अनाथ, असहाय बालबालिकाहरुको उत्थान, उद्दार, विकास, सशक्तिकरण र मुलप्रवाहिकरणको लागि विभिन्न साझेदार संस्थाहरुको समन्वयमा सामग्री वितरण, छात्रवृत्ति वितरण, राहत, सहयोग, परामर्श, सीप विकास तालीम प्रदान गरिएको छ ।

१०. "वाल विवाह मुक्त हाम्रो नगर, बालमैत्रीयुक्त समृद्ध गुर्भाकोट" भन्ने संकल्पलाई आत्मसात गर्दै वालविवाह न्यूनिकरण गर्न र अनाथ असहाय तथा जोखिमयुक्त बालबालिकाहरुलाई आवासीय छात्रावास सहित सामाजिक संरक्षणलाई निरन्तरता दिईएको छ ।

११. खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तथा कार्यक्रमका लागि विभिन्न संघ—संस्थासँग साझेदारी गरी कार्यक्रम सञ्चालन मार्फत सिनर्जिक प्रभाव ल्याउने प्रयास गरिएको छ ।

१२.फोहोरमैलाको दिगो व्यवस्थापनको लागि नवीनतम प्रविधिको उपयोग र यसको सामूहिक व्यवस्थापनको public private partnership को मोडेल अनुरुप सञ्चालनार्थ अध्ययन गरिएको छ साथै विपद् जोखिम क्षेत्र पहिचान र वर्गीकरणको लागि आवश्यक पहल गरिएको छ ।

१३.वातावरण संरक्षण जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनको लागि संघ, प्रदेश, अन्य स्थानीय तह र विभिन्न संघ संस्थाको समन्वय र साझेदारीमा अन्तरसम्बन्धित सवालको रुपमा कार्यक्रम अगाडि बढाईएको छ ।

१४. फोहोरमैला व्यवस्थापनका लागि कलस्टर अनुसार रुटिङ बनाएर संकलन र व्यवस्थापन गर्ने, अन्तरसम्वन्धित सवालको रुपमा वातावरणमैत्री योजना, कार्यक्रमसंग तादाम्यता मिलाएर कार्यक्रमलाई निरन्तरता दिईएको छ साथै पेट्रोलियम पदार्थको खपत न्यूनिकरण गर्न विद्युतीय चुलो प्रयोगलाई प्रोत्साहन गरिएको छ ।

१५.उप-प्रमुख उद्यमशीलता तथा युवा स्वरोजगार कार्यक्रम मार्फत चालु आ.व.मा १७२ जना र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत ४० जनाले सीप विकास तालीम लिएका छन् ।

१६.दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धनका लागि कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्न शुरु गरिएको छ जसमा सीप विकास तालीम लिई आयआर्जनमा संग्लन उद्यमीहरुले रु.१० हजार देखि ६० हजार सम्म मासिक आम्दानी गरिरहेका छन् ।

१७. कानुनी रुपमा दर्ता भई व्यवसाय गरिरहेका ७ जना विभिन्न विषयका उद्यमीहरुले उपयुक्त प्रविधि प्राप्त पश्चात् उद्यमीहरुको आयआर्जनमा वृद्धि भएको छ ।

१८. सामाजिक विकास मन्त्रालय र प्राविधिक तथा व्यवसायिक तालीम परिषद्को समन्वयमा स्थानीय रुपमा ज्ञान सीप भएका वा परम्परागत सीप भएका ३५ जना उद्यमीहरुको सीप परीक्षण गरी प्रमाणित गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

१९. उद्ममीहरुको उत्पादनलाई प्रचारप्रसार,बजारिकरण गर्नका लागि उद्योग दिवस, प्रदर्शनी प्रतियोगिता, एतिहासिक सुभाघाट मेलामा निःशुल्क स्टलको व्यवस्था, प्रदेश स्तरका मेला महोत्सवमा सहयोग प्रदान गरी उद्यमीहरुको उत्पादनलाई बजारिकरण गरिएको छ ।

२०. प्रदेश सरकार, आइ.एन.एफ. लगायतका संस्थाहरु र नगरको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भरता र आत्मबललाई उत्साहजनक परिवर्तन ल्याउन विभिन्न सीपमूलक कार्यक्रमहरुसंग जोड्ने अपाङ्गमैत्री घर तथा सरकारी संरचना निर्माण गर्ने र आवश्यकताको आधारमा सहायता सामग्री वितरण कार्य गरिएको छ ।

२१. सहकारी संस्थाहरुको क्षमता विकास, संरक्षण, प्रवर्द्धन र नियमनका लागि २ वटा सहकारीको विधान संशोधन, १ वटा सहकारीलाई कोकोमिसमा आवद्ध, २ वटा सहकारीको कोकोमिसमा पासवर्ड रिसेट गरिएको छ ।

२२. किसानहरुको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि ५० प्रतिशत अनुदानमा १२३ वटा ट्याक्टर, ३००० क्वीन्टल आलु, ५०० कृषकलाई हाईब्रिड तरकारीको बीउ, २१० कृषकलाई च्याउको बीउ, १३२ क्वीन्टल ५५वटा समुह/सहकारीलाई धान,गहुँ,मकैको बीउ वितरण गरिएको छ जसले किसानहरुको उत्पादन लागत घट्नुका साथै समयको बचतले थप रोजगारी सृजना भएको छ ।

२३. दुध उत्पादन गर्ने किसानहरुको लागि दुधमा अनुदान प्रोत्साहन कार्यक्रम अन्तरगत पालिकाबाट प्रति लिटर रु. २ र प्रदेश सरकार पशुपंक्षि विकास निर्देशनालयबाट प्रति लिटर रु. ५ गरी प्रति लिटर रु. ७ का दरले प्रोत्साहन रकम प्रदान गरी दुध उत्पादक कृषकलाई प्रोत्साहन र उत्प्रेरित गरिएको छ ।

२४.स्वाथ्य सेवालाई गुणस्तरीय बनाउनका लागि पशु सेवा शाखा र केन्द्र मार्फत पशुपंक्षिहरुको उपचार,माहामारीजन्य रोगहरु पि.पि.आर, खोरेत, रेविज विरुद्धको खोप, कृत्रिम गर्भाधान, बन्धाकरण, निःशुल्क शिविर सञ्चालन कार्यक्रम मार्फत पशु सेवालाई सरल, सहज र प्रभावकारी बनाईएको छ ।

२५. मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत १४ वटा योजनाहरु र प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ८ वटा गरी जम्मा २२ वटा योजनाहरु कार्यान्वयन मार्फत २९४ जनाले रोजगारी पाएका छन् । जसबाट कृर्षि, पशु, उद्योग,सहकारी यातायत तथा पर्यटन क्षेत्रमा पूँजी निर्माण र न्युनत्तम रोजगारीको हकको कार्यान्वयन भएको छ

२६. वैदेशिक रोजगारलाई मर्यादित र भयरहित बनाउन ७० जनाको श्रम स्वीकृती, १ जनालाई क्षतिपूर्ति लागी सहजिकरण, ९ जनालाई सन्तती छात्रवृति सहजीकरणसंगै बैदशिक रोजगार सम्बन्धि अन्य परामर्श सेवा प्रदान गरिएको छ ।

२७. यस नगरपालिका अन्तरगत रहेका १४ वटै वडा कार्यालयबाट नागरिकता सिफारिस प्रणालीलाई पूर्ण रुपमा डिजिटलाईज गरिएको छ । उक्त सेवा मार्फत ८२६ जनाले नागरिकताका लागि अनलाईन सिफारिस लिएका छन्। जसले गर्दा नागरिकताको कृर्ते सिफारिस पूर्ण रुपमा बन्द भएको छ ।

२८. स्थानीय तहहरुको मूल्याङक प्रणालीमा राष्ट्रिय सूचक LISA, FRA, LED, बेरुजु फर्छ्यौट र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेका सूचकहरुमा जिल्लामा नै प्रथम हुन

सफल भएकोले हामी हाम्रा नीति, कार्यक्रम, बजेट, कायक्रम, कार्यशैली, सेवा प्रवाह र व्यवहारमा अरु भन्दा केही न केही फरक अवस्य गरेका छौ ।

२९. कर्मचारीहरुको नियमितता विषयलाई प्रचलित कानूनमा नै अंगिकार गरेको परिपेक्ष्यमा सो विषयलाई स्थायित्व, प्रदान गर्न नगर कार्यपालिकाको कार्यालयमा विधुतिय हाजिरी जडान मार्फत कर्मचारीको समय पालना, नियमितता र पारदर्शिता कायम गरिएको छ ।

३०.नागरिक स्वास्थ्यलाई ध्यान दिई नगरपालिका भित्रका वडा नं- १३ को शिवनगर, वडा नं ८ को खैरेनी मेला लाग्ने चौर र वडा न ४ को पातीहाल्ना गरी ३ स्थानमा खुल्ला व्यायाम शालाको स्थापना र वडा नं १३ को आनन्द मा. वि.मा योग शिविर सञ्चालन गरिएको छ ।

३१. राष्ट्रिय भूमी आयोग र यस नगरपालिका विचको समन्वयमा विभिन्न आयोग,कार्यदल र समितिबाट नाँपजाच भई श्रेस्ता कायम नभएका अधुरा, अपूरा प्रकृतिका जग्गाहरुको वडा नं ७ मा जग्गा धनी पूर्जा वितरणका लागि कार्यहरु भईरहेको छ । जसमा वडा नं ७ को २क मानिके, २ख कोप्ची, ३ख श्रीवानी, ३ग गोकुलपुर, ३ग चिसीखोली मुहान, ३घ गोचे र ५ख गरी जम्मा ६०.२४ हेक्टर (६०२४२०.८७ वर्ग मिटर) को नाप नक्सा कार्य सकिएको छ ।

३२. वडा नं ७ कै सडक विभागको निर्णय अनुसार छिन्चु जाजरकोट सडक खण्ड, सडकको बीचबाट दायाँ बायाँ २५/२५ मिटर बाटो लगत कट्टा गरिएको छ । जग्गा धनी दर्ता प्रमाण पूर्जाको थप कामको प्रक्रिया अगाडि बढाउनको लागि मोठ भिडाउन जिल्ला समितिले निर्णय गरी मालपोत कार्यालयलाई पत्राचार गरिसकेको अवस्था छ ।

३३. स्थानीय न्याय प्रणालीलाई सरल, सहज र न्यायोचित बनाउनका लागि न्यायिक समिति मार्फत १८ वटा उजुरी परेकोमा १२ वटा समाधान भएको र वडा स्तरीय मेलमिलाप केन्द्रबाट ९१ वटा उजुरी परेकोमा ६३ वटा मेलमिलाप प्रक्रियाद्धारा समाधान भएको छ साथै जसले न्यायमा पहुँच नभएका नागरिकले सरल, सहज र कम खर्चमा न्याय पाएका छन् ।

३४. न्यायिक समितिबाट न्यायमा सबैको पहुँच पुर्याउनको लागि विद्यालयमा न्यायिक सचेतना, लागु औषध दुर्व्यसनी न्युनिकरण, बाल विवाह न्युनीकरण सम्बन्धि सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

माथि उल्लेखित चालु आ.व. को बजेट तथा कार्यक्रमका उल्लेखनीय संख्यात्मक र गुणात्मक उपलब्धिहरु हासिल गर्न सकेका छौं । तथापी आशातित राजश्व संकलन हुन नसक्नु, समयमानै बजेट प्राप्त गर्न नसकिनु र योजना सञ्चालनको उत्तरार्धमा संघ र प्रदेशबाट बजेट कटौती हुनु जस्ता कारणहरुले समयमै योजनाहरु सम्पन्न गर्न वेलावखतमा बाधा अड्चन आउने गरेकोले जनताका असिमित आवश्यकतालाई सीमित स्रोत साधनबाट शत प्रतिशत सम्बोधन गर्न नसकिएको व्यहोरा अवगत गराउंदछु ।

**सभाध्यक्ष महोदय,**

चालु आ.व.मा गरेका कार्यको संक्षिप्त समीक्षा सकिएको छ।अब म आगामी आ.'व.' २०८२/०८३ को क्षेत्रगत उद्देश्य तथा प्राथमिकताका आधार प्रस्तुत गर्न अनुमती चाहन्छु ।

१.कृषिमा व्यवसायीकरण र बजारिकरणमा जोड ।
२. गुणस्तरिय शिक्षाको सुनिश्चता र स्वरोजगारमुखी शिक्षामा जोड
३. स्वास्थ्यका समग्र क्षेत्रमा गुणस्तरमा वृद्धि ।
४. जनमुखी, स्वच्छ, छरितो र प्रविधि मैत्री सार्वजनिक सेवा प्रबाहमा जोड दिने ।
५. विद्युतिय शासनको अवधारणालाई कार्यान्वयन गर्दै प्रभावकारी बनाउने।
६. भूमी प्रशासन समस्यासंग जोडिएको समस्यालाई हल गर्दै सार्वजनिक सम्पतिहरुको पहिचान संरक्षण तथा संवर्द्धन गर्ने ।
७. फोहोरमैलाको समुचित व्यवस्थापन गर्दै नगरपालिकालाई वातावरणमैत्री नगरपालिका घोषणा गर्न आवश्यक पूर्वाधारहरुको प्रबन्ध गर्ने ।
८. दिगो रोजगारी र उद्यमशीलताका प्रर्वद्धन मार्फत गरिबी न्युनिकरण तथा सामाजिक समावेशिकरण गर्ने ।
९. साझेदारी विकास, पूर्वाधार विकास, पुँजी निर्माण र value change ( मूल्य परिवर्तन) मा जोड दिने ।
१०.सामाजिक न्याय, न्यायोचित व्यवहार,समावेशीकरण, अर्थपूर्ण सहभागीताको प्रत्याभूत गराउने ।

**सभाध्यक्ष महोदय,**

**सर्वप्रथम म आ.व. २०८२/ ०८३ को अनुमानित आय र ब्यय प्रस्तुत गर्न चाहन्छु**

आर्थिक वर्ष २०८२।८३ का लागि कुल आय १ अर्व १ करोड ६७ लाख ९५ हजार  व्यय तर्फ१ अर्व १ करोड ६७ लाख ९५ हजार । जस अन्तरगत पूँजीगत तर्फ ३९ करोड ८१लाख २३ हजार र चालुतर्फ ६१ करोड ८६ लाख ७२ हजार रहेको छ ।

**आय र व्ययको विस्तृत विवरण**

**आय तर्फः**

नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान रु १३ करोड ७७ लाख, राजश्व बाडफाडबाट प्राप्त रकम रु १३ करोड ४२ लाख ५१ हजार ५४० ससर्त अनुदान रु ३४ करोड ५२ लाख, विशेष अनुदान रु १ करोड ३० लाख, नेपाल सरकार समपुरक अनुदान ८७ लाख प्रदेश सरकारको समानिकरण अनुदान रु १ करोड ८२ लाख ५२ हजार, प्रदेश सरकारको सवारी वाडफाड ३३ लाख ५१ हजार ८८४, प्रदेश सरकारको ससर्त अनुदान ३ करोड ४ लाख ७२ हजार, विशेष अनुदान रु ८० लाख, प्रदेश सरकारको समपूर अनुदान रु १ करोड १० लाख, गुर्भाकोट नगरपालिकाको आन्तरिक आए रु ३ करोड १ लाख ९५ हजार र गुर्भाकोट नगरपालिकाको अल्या मौजात रु ३ करोड ६ लाख ७२ हजार ५७६ रहेको छ, सडक बोर्ड तर्फ रु ६० लाख रहेको छ र सामाजिक सुरक्षातर्फ रु २४ करोड रहेको छ ।  ।

**व्यय तर्फः**

आ. व. २०८२।८३ को लागि विनियोजित व्यय तर्फ चालु रु १० करोड ५७ लाख नगर स्तरीय कार्यक्रममा ३ करोड ८९ लाख ६० हजार, उद्योग प्रवर्द्धन रु ६५ लाख, कृषि र पशु रु ३५ लाख, स्वास्थ्य रु ३ करोड ३७ लाख ७८ हजार, शिक्षा रु २ करोड ८८ लाख ५३ हजार, महिला बालबालिकाको लागि ६५ लाख ४२ हजार वडागत कार्यक्रम रु ९ करोड ४५ लाख, साझेदारी कार्यक्रम रु ३ करोड  ४७ लाख, सहकारी तर्फ रु ५ लाख, न्यायिक समिति तर्फ रु ८ लाख ५० हजार, ससर्त अनुदान ३४ करोड ५२ लाख, विशेष अनुदान रु १ करोड ३० लाख, सामाजिक सुरक्षा तर्फ रु २४ करोड रहेको छ, सडक वोर्ड तर्फ रु ६० लाख, प्रदेश विशेष कार्यक्रम रु ८० लाख, प्रदेश समपूरक रु १ करोड १० लाख, प्रदेश ससर्त कार्यक्रम रु ३ करोड ४ लाख ७२ हजार, संघीय समपूरक तर्फ रु ८७ लाख।

१. आगामी आ.व.मा सुत्केरी हुने महिला दिदि बहिनी र जेष्ठ नागरीकहरुको लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२. यसै वर्ष देखि नगरपालिका भित्र निःशुल्क तथा यस नगरपालिका देखि बाहिर न्यूनतम शुल्क निर्धारण गरी सव वहान सेवा प्रदान गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

३. नागरिक स्वास्थ्यलाई ख्याल गर्दै चालु आ.व.मा संचालित रहेको खुल्ला जिम कार्यक्रमलाई आ.व.०८२।०८३ मा अन्य स्थानहरुमा समेत विस्तार र प्रर्वद्धन गर्न रु.१५ लाख बजेट विनियोजन गरेको छु।

४. गुर्भाकोट नगरपालिका लगायतका अन्य स्थानीय तहको सेवा क्षेत्रको एक मात्र मेहेलकुना अस्पतालको पूर्वाधार सुधार तथा प्रदेश सरकारको सहकार्यमा १०० बेड स्तरोन्नतीको लागि आवश्यक पहल गरिने र हाल केही संरचना निर्माणको लागि रु.२५ लाख बजेट विनियोजन गरेको छु।

५. लैगिक हिंसा पिडितको उपचार सहयोगका लागि रु.२ लाख आवश्यक वजेटको व्यवस्था गरेको छु साथै विपन्न वर्गहरुको न्यायमा सहज पहुँचको निम्ती रु.१ लाख बजेट विनियोजन गरेको छु।

६. मानसिक स्वास्थ्य कार्यक्रमका लागि रु. ५ लाख र आई.एन.एफ साईनिङ्ग अस्पतालसंगको साझेदारि कार्यक्रमलाई निरन्तरता दिदै आगामी कार्यक्रमका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

७. जटिल समस्या आई सल्यक्रिया गर्नुपरेमा रेडक्रस तथा सहयोगी संस्थाहरुसंग समन्वय गरी निःशुल्क रगत उपलब्ध गराउने प्रर्वन्ध मिलाएको छु ।

८. वेवारिसे र आकस्मिक मृत्यु वरण गरी पोष्ट मार्टम गर्नु पर्दाको अवस्थामा शवलाई प्याकिङ गर्ने सामग्री मेहेलकुना अस्पताल संगको समन्वयमा निःशुल्क रुपमा प्रदान गर्ने व्यवस्था मिलाएको छ ।

९. विद्यालयको शिक्षाको गुणस्तर कायम गर्न अभिभावक र विद्यालयसंग अन्तरक्रिया र संवाद कार्यक्रमका लागि रु.८ लाख बजेट विनियोजन गरेको छु ।

१० विद्यालयको गुणस्तर परिक्षण र वर्गीकरणका लागि रु.१ लाख, पचास हजार विनियोजन गरेको छु ।

१० शिक्षकको पेशागत विकासका लागि विगत बर्षदेखि साझेदारको रुपमा काम गरिरहेका ब्रिटिस काउनशिलसंगको साझेदारी कार्यक्रमलाई निरन्तरता दिन रु.५० लाख विनियोजन गरेको छु ।

११हाल निर्माण भएको स्थानीय पाठ्यक्रमलाई समेटेर पाठ्यपुस्तक निर्माण गरी वितरण गर्ने व्यवस्था मिलाएको छु।

१२यस नगरपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्ति, दलित, महिला, एकल महिला, आदिवासी जनजाति, लोपोन्मुख सीमान्तकृत तथा अनाथ, असहाय बालबालिकाहरुको उत्थान, उद्दार, विकास, सशक्तिकरण र मुलप्रवाहिकरणको लागि ३० लाख ८२ हजार रकम विनियोजन गरेको छु ।

१३“वाल विवाह मुक्त हाम्रो नगर, बालमैत्रीयुक्त समृद्ध गुर्भाकोट” भन्ने संकल्पलाई आत्मसात गर्दै वालविवाह मुक्त नगर कायम गर्ने र अनाथ असहाय तथा जोखिमयुक्त बालबालिकाहरुलाई आवासीय छात्रावास सहित सामाजिक संरक्षणको कार्यक्रमको लागि रु.३५ लाख बजेट विनियोजन गरेको छु ।

१५. खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तथा कार्यक्रमका लागि विभिन्न संघ–संस्थासँग साझेदारी गरी बजेटको प्रबन्ध मिलाएको छु र सो कार्य गर्न साझेदारीको लागि रु ५० लाख विनियोजन गरेको छु ।

१६.फोहोरमैला व्यवस्थापनका लागि नवीनतम प्रयोग र वातावरणमैत्री कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१७. विपद् व्यवस्थापनको लागि अति आवश्यक रहेको आपतकालिका कार्यसञ्चालन केन्द्रको स्तरोन्नती, स्वयंसेवक तालीम, बाढीपहिरो क्षेत्रमा जोखिम रोक्न बृक्षारोपन, जोखिम क्षेत्र बर्गीकरण, मौसम सूचना प्रणाली सुदृढिकरणका लागि सहयोग संस्थाहरुको सहकार्यमा रु ४९ लाख बजेट व्यवस्था गरेको छु ।

१८. विपद्को समग्र व्यवस्थापनको लागि अनिवार्य मानिएको विपद् व्यवस्थापन कोषमा थप १२ लाख बजेट विनियोजन गरेको छु ।

१९ .वातावरण संरक्षण जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनको लागि संघिय सरकार शसर्त अनुदान मार्फत रु. ५० लाख र क्रियाशिल विकास साझेदार निकाय तथा अन्य पक्षसंगको साझेदारीको लागि समेत आवश्यक बजेटको प्रवन्ध मिलाएको छु ।

२० . नेपालको बढ्दो बेरोजगारी र गरीबीको अवस्थालाई सुदुर समाधान गरि स्वरोगार प्रवर्द्दन गर्न **उपप्रमुख उद्यमशीलता तथा युवा स्वरोजगार कार्यक्रम मार्फत** विभिन्न सिप विकास तालिमहरुलाई रु. ४० लाख र उपर्युक्त प्रविधि हस्तान्तरण कार्यक्रमको लागि ७ लाख बजेट विनियोजन गरेको छु ।

२१गुर्भाकोट वडा नं ८ मा सञ्चालन भई रुग्न उद्योगको रुपमा रहेको नेपाली हाते कागज उद्योग स्थापना तथा सञ्चालनका लागि प्रदेश सरकार विशेष अनुदान मार्फत रु. ५० लाख बजेटको व्यवस्था गरेको छु ।

२२. गरिवी निवारणको लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रमलाई निरन्तरता दिएको छु

२३. अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र सहकारी पनि भएकाले सहकारी संस्थाहरुको क्षमता विकास, संरक्षण, प्रवर्दन र नियमनका लागि तालिम, गोष्ठी, अन्तरकृया र अनुगमनको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

२४.पर्यटन विकासको समग्र पक्षको महत्वपूर्ण क्षेत्र भएकोले पर्यटन प्रर्वद्धन स्वरुप घरबास कार्यक्रम स्तरोन्नतीका लागि रु. १० लाख रकम र अन्य पर्यटकिय स्थलहरुको पहिचान र प्रचारप्रसारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. किसानहरुको उत्पादित कृषिजन्य वस्तुहरुको सहज बजारिकरणको लागि कृषि हाटबजार पूर्वाधार निर्माणको लागि प्रदेश सरकार विशेष अनुदानबाट रु.३० लाख बजेटको प्रवन्ध गरेको छु ।

२६. किसानहरुले उत्पादन गरेको दुधलाई प्रशोधन तथा बजारिकरणका लागि दुग्ध प्रशोधन केन्द्र स्थापना गर्न रु. २५ लाख बजेटको प्रबन्ध गरेको छु ।

२७. कृषि सहकारीको साझेदारीमा कृर्षि जन्य उपजहरुको सहज ढुवानीका लागि सवारी साधान (Agro Ambulance) खरिद गर्न रु.१० लाख व्यवस्था गरेको छु ।

२८. तरकारी पकेट विकास कार्यक्रमको लागि रु. १२ लाख बजेट विनियोजन गरेको छु ।

२९. राष्टिय फल सुन्तला विशेष कार्यक्रमका लागि रु. ९ लाख बजेटको व्यवस्था गरिएको छ ।

३०. कर्मचारीहरुको नियमितता विषयलाई प्रचलित कानूनमा नै अंगिकार गरेको परिपेक्ष्यमा सो विषयलाई स्थायित्वता प्रदान गर्न नगर कार्यपालिकाको कार्यालयमा विधुतिय हाजिरीको रेकडिङ, रिपोटिङकोलाई नियमितता र कार्यसम्पादनमा तादाम्यता मिलाउन आवश्यक बजेटको विनियोजन गरेको छु

३१. स्थानीय न्यायिक समितिको न्याय सम्पादनलाई कार्यान्वयन गर्नका लागि रु. ८ लाख, ५० हजार बजेट विनियोजन गरेको छु ।

३२. आन्तरिक श्रोतको दायरा बढाउने र कर शिक्षा कार्यक्रम मार्फत करदातामैत्री कर प्रशासन लागु गराउनको लागि कर सप्ताह कार्यक्रम तथा राजश्व सुधार सम्बन्धी कार्यक्रमको लागि आवश्यक बजेटको प्रवन्ध मिलाएको छु ।

३३. क्षमता विकास कार्यक्रम मार्फत नगरपालिकाका विभिन्न कार्यालय/शाखा/इकाइ हरुबाट सम्पादित हुने काम कार्वाहीहरुलाई थप परिष्कृत र व्यवस्थित गर्नको लागि क्षमता विकास योजना र जनप्रतिनिनिधि/कर्मचारी क्षमता विकास कार्यक्रमको लागि रु.१३ लाख बजेट विनियोजन गरेको छु ।

३४. विद्युत र उर्जा व्यवस्थापन कार्यक्रमको लागि रु १० लाख बजेट विनियोजन गरेको छु।साथै अनविकरणीय उर्जाको बढ्दो खतपलाई मध्येनजर गरी अनुदानमा आधारित विधुतिय चुलो वितरण कार्यक्रमको लागि रु १० लाख बजेटको विनियोजन गरेको छु ।

३५. यस नगरभित्र बसोबास गर्नु हुने सामाजिक सुरक्षा प्रणालीमा सूचिकृत सम्पूर्ण जेष्ठ नागरिक, एकल महिला, अपाँग, लोपोन्मुख जाति तथा वालवालिकालाई सामाजिक सुरक्षा भत्ता वितरणका लागि संघीय सरकारको सहयोगमा रु २० करोड वजेट व्यवस्था गरेको छु। सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित वनाउन आवश्यक पहल गरिनेछ ।

३६. "योग गरौं स्वस्थ बनौ" भन्ने मुल नाराको साथ नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै प्रर्वधनात्मक स्वास्थ्यतर्फ योग ध्यान, बाट सेवा प्रवाह गर्न पूर्वाधार निर्माणको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।

३७. सडक तथा अन्य पूर्वाधार मर्मत तथा सुधारको लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

अन्तमा, वजेट तयार गर्न सल्लाह, सुझाव प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख, जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनीधिज्यूहरु, गुर्भाकोटवासी आमा बुवा, दाजुभाई र दिदीवहिनीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । बजेट तयार गर्न महत्वपूर्ण सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत सवै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। "सुख र समृद्धिको अठोट समुन्नत गुर्भाकोट निर्माणमा सवैको सहयोगको अपेक्षा गरेको छु" ।

**धेरै धेरै धन्यवाद !**